आदरणीय गाउँसभाका सभाध्यक्षज्यू, सभासद्ज्यूहरु एवं राष्ट्रसेवक कर्मचारीहरु

१. रुरुक्षेत्र गाउँपिलकाको उपाध्यक्षको हैसियतले यस गरिमामय सभामा आगामी आर्थिक वर्ष २०७७/०७८ को वार्षिक बजेट प्रस्तुत गर्न पाउँदा मलाई गौरव अनुभूति भएको छ ।
२. यस अवसरमा म संघीय लोकतान्त्रिक गणतन्त्र सम्मको राजनितिक क्रान्ति, जनआन्दोलन लगायतका त्याग बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै देश र जनताको निमित्त जीवन उत्सर्ग गर्ने शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।
३. कोभिड-१९ महामारीबाट दिवंगत हुनुभएका व्यक्तिहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै शोक सन्तप्त परिवारजनहरुमा गहिरो समवेदना व्यक्त गर्दछु । संक्रमित हनुभएका सबै व्यक्तिहरुप्रति शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।
४. कोभिड-१९ को विश्वव्यापी महामारीबाट सम्पूर्ण विश्व नै आक्रान्त बनेकोछ । नेपालमा पनि हजारौंको संख्यामा संक्रमित भएका छन् भने २२ जना व्यक्तिहरुको यस महामारीबाट मृत्यु समेत भैसकेको छ ।
५. रुरुक्षेत्र गाउँपालिकामा आजसम्म १९ वटा क्वारेन्टीनमा विदेश वा स्वदेशका गरी जम्मा ३६२ व्यक्तिहरु बसिसकेका छन् भने २५३ जना RDT परीक्षण गरी होम क्वारेन्टीन वा आइसोलेसनमा गएकाछन् ।अहिले पनि १०९ जना विभिन्न क्वारेन्टीनमा रहेकाछन् ।
६. हालसम्म नेपाल सरकारको मापदण्ड अनुसार ३०६ जनाको RDT परीक्षण गरिएकोमा २५३ जनाको परिणाम नेगेटिभ आएकोछ । ५३ जनाको परिणाम पोजेटिभ आएकोछ ।RDT पोजेटिभ भएका र संक्रमितको कन्टयाक्ट ट्रेसिङमा रहेका गरी जम्मा १२५ जनाको PCR परीक्षणको लागि स्वाव संकलन गरी भैरहवा प्रादेशिक प्रयोगशालामा पठाइएकोमा ५५ जनाको PCR रिपोर्ट नेगेटिभ आएकोछ, १९ जनाको पोजेटिभ आएकोछ ।५१ जनाको रिपोर्ट आउन बाँकी छ ।
७. हालसम्म १ जना लुम्विनी मेडिकल कलेज पाल्पामा उपचारको क्रममा संक्रमण देखिएका समेत गरी जम्मा २० जना व्यक्तिमा कोरोना भाइरसको संक्रमण देखिएकोछ । १ जना निको भएर घरमा आइसक्नु भएकोछ भने १ जनाको लुम्विनी प्रादेशिक अस्पताल वुटवलमा उपचार भैरहेकोछ । अन्य १८ जना मध्ये विभिन्न होल्डिङ सेन्टरमा १२ जना र रिडी आइसोलेसनमा ६ जना रहनुभएको छ । अहिले सम्म समुदायमा संक्रमण हुन पाएकोछैन ।

८. २० बेडको आइसोलेसन तयार गर्ने लक्ष्य रहेकोमा रिडी माध्यमिक विद्यालयमा १० बेड र संस्कृत तथा साधारण माध्यमिक विद्यालयमा ३ बेड गरी जम्मा १३ बेड तयारी अवस्थामा रहेकोछ। अन्य बेडहरु आवश्यकता अनुसार तयार हुने क्रममा रहेको छ ।

९. गाउँपालिकाको विपद् व्यवस्थापन कोषमा हालसम्म रु. १ करोड ९ लाख ६७ हजार पाँच सय तीन रुपैंया जम्मा भएको छ । यसमा गाउँपालिकाबाट ९४ लाख ५० हजार, प्रदेश सरकारबाट १० लाख, विभिन्न संघ संस्थाहरुबाट ३ लाख ८२ हजार छसय अठचालिस, कर्मचारीहरुबाट १ लाख २९ हजार तीन सय, व्यक्तिगत सहयोग ५ हजार पाँचसय पचपन्न रहेको छ । बस्तुगत तर्फ ८४ हजार दुईसय बराबरको सहायता प्राप्त भएको छ । यसमा जनप्रतिनिधिहरुको १५ दिन बराबरको सुविधा रकम र विद्यालय शिक्षक तथा कर्मचारीहरुको सहयोग रकम प्राप्त हुने क्रममा रहेको छ ।

१०. विपद् व्यवस्थापन कोषबाट हाल सम्म जम्मा रु. १९ लाख ८४ हजार तीन सय अठतीस खर्च भएको छ । जसमा राहत वितरण तर्फ ८ लाख ५६ हजार चार सय चौरासी, औषधी खरिद, रिडी हेल्थडेस्क व्यवस्थापन र रिडी क्वारेन्टीन व्यवस्थापनमा पाँच लाख, क्वारेन्टीन व्यवस्थापन, खाना, खाजा, गाडिभाडा समेत ६ लाख २७ हजार आठसय चौवन्न खर्च भई ८९ लाख ८३ हजार एकसय पैसठ्ठी बैंक मौज्दात रहेको छ । क्वारेन्टीन व्यवस्थापन र खाना, खाजा खर्चको बिल भरपाई आउने क्रम जारी छ ।

११. हामीले ३ वटा आर्थिक वर्षका बजेटहरु कार्यान्वयन गरीसकेका छौं । यस बीचमा शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि तथा पशु विकास, भौतिक पूर्वाधार, पर्यटन, वन तथा वातावरण र विपद् व्यवस्थापन साथै संस्थागगत सुधारका क्षेत्रमा महत्वपूर्ण कार्यहरु सम्पन्न भएका छन् । यस अवधिमा आर्थिक अनुशासन कायम राख्दै पारदर्शिता र जवाफदेहितालाई विशेष जोड दिइएकोछ । सहस्राब्दी विकास लक्ष्य अनुसार दिगो विकासलाई जोड दिइएकोछ ।

१२. गाउँपालिकाले चालेका विभिन्न सकारात्मक कदमहरुको फलस्वरुप आर्थिक विकासका केही परिसूचकहरु सकारात्मक दिशा तर्फ अगाडि बढिरहेको र शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि,

पूर्वाधार विकासका क्षेत्रमा सकारात्मक सूचकहरु देखापर्न थालिसकेको अवस्थामा चालु आर्थिक वर्षको मध्य देखि शूरु भएको करोना भाइरसको संक्रमण र सो को फैलावटको कारण गत चैत्त ११ गते देखिको देशव्यापी बन्दाबन्दी (लकडाउन) का कारण यस वर्षका दोस्रो र तेस्रो चौमासिक अवधिका कार्यक्रमहरु संचालन गर्ने क्रममा अत्यन्त कठिनाई उत्पन्न भएकोछ ।यसको साथै ठूलो धनराशी कोभिड-१९ विपद् महामारी रोकथाम र व्यवस्थापनको लागि व्यवस्था गर्नुपर्दा कतिपय आयोजनाहरु कटौती गर्नु पर्यो जसले गर्दा विकास निर्माणमा प्रत्यक्ष असर पर्यो ।

१३. महामरी रोकथामको अवस्थामा आइनसकेको कारण आगामी दिनमा पनि विकास निर्माणका कार्यहरु संचालनमा प्रत्यक्ष असर पर्ने देखिएको छ । महामारीको यस विपत्तीलाई न्यूनीकरण गर्नको लागि आगामी आर्थिक वर्षमा पनि ठूलो धनराशी खर्च गर्नु पर्ने वाध्यात्मक परिस्थिति सृजना भएकोछ । यसले गर्दा हाम्रा विकास निर्माणका आयोजनाहरु प्रभावित हुने निश्चित प्राय छ ।

१४. महामारीको विषम परिस्थितिको मध्यनजर गर्दै तयार गरिएको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम सम्मानित सभाबाट स्वीकृत भैसकेकोछ ।स्वीकृत नीति तथा कार्यक्रमको आधारमा आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तयार गरिएकोछ ।

१५. अब म गरिमामय गाउँसभा समक्ष आर्थिक वर्ष २०७७/०७८ को बजेट निर्माणका आधार, रणनीतिक उद्देश्य र प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु ।

**वजेट निर्माणका आधार**

क) नेपालको संविधानको अनुसूचि-८ मा उल्लेखित स्थानिय सरकारका अधिकार क्षेत्र ।

ख) संविधानमा उल्लेख भएका राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु र मौलिक हक तथा अधिकारहरु ।

ग) स्थानिय सरकार संचालन ऐन, २०७४

घ) नेपाल सरकार तथा प्रदेश सरकारको नीति, निर्देशन ।

ङ) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नीति, निर्देशन ।

**वजेटका श्रोतहरु**

क) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त वित्तीय समानिकरण अनुदान र राजस्व वाँडफाँडवाट प्राप्त अनुदान ।

ख) नेपाल सरकर तथा प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान र समपूरक अनुदान ।

ग) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान ।

घ) गाउँपालिकाको आन्तरिक आम्दानी ।

**वजेटको रणनीतिक उद्देश्य**

१. कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचार तथा सचेतना ।

२. कोभिड–१९ प्रभावित व्यक्तिहरुलाई कृषिजन्य उत्पादनशिल रोजगारीतर्फ आकर्षित गर्ने ।

३. उत्पादनमा जोड दिई आय श्रोत बृद्धि गर्ने ।

४. दिगो विकासको लक्ष्यलाई सुनिश्चित गर्ने ।

५. गाउँपालिकाको कार्य सम्पादनमा आर्थिक पारदर्शिता कायम गर्ने ।

६. सुशासनको प्रत्याभूति दिने ।

**बजेटका प्राथमिकता**

१. कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचारको क्षेत्रमा प्रभावकारी रुपमा कार्यगर्ने ।

२. कोभिड-१९ बाट प्रभावित व्यक्तिहरुको लागि आय आर्जन, रोजगारी सृजना लगायतका कार्यक्रम संचालन गर्ने ।

३. कृषिको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने ।

४. कृषिमा आधारित उत्पादनशिल रोजगारी सृजना गर्ने ।

५. पर्यटन र पूर्वाधार विकासको क्षेत्रमा दिगोपना ल्याउने तर्फ कार्य गर्ने ।

६. संस्थागत विकास र क्षमता अभिबृद्धि मार्फत् सुशासन कायम गर्ने ।

७. नेपाल सरकार, प्रदेश सरकारसँगको लागत साझेदारीका कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

**आदरणीय सभाध्यक्षज्यू,**

१६. अब म आर्थिक वर्ष २०७७/०७८ को राजस्व र व्यय (बजेट) को अनुमान र क्षेत्रगत बाँडफाँड प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**अनुमानित आम्दानी**

रकम रु. हजारमा

| सि.नं. | वित्तीय स्रोत | आगामी आ.व. ०७७/०७८ को प्रस्तावित आम्दानी | कैफियत |
|---|---|---|---|
| १ | **समानीकरण अनुदान** | | |
| | नेपाल सरकार | ८४४०० | |
| | प्रदेश सरकार | ५०२२ | |
| | जम्मा | ८९४२२ | |
| २ | **राजस्व बाँडफाँड** | | |
| | नेपाल सरकार | ६०१११ | |
| | प्रदेश सरकार | ४१०० | |
| | जम्मा | ६४२११ | |
| ३ | **सशर्त अनुदान** | | |
| | नेपाल सरकार | २३५३०० | |
| | प्रदेश सरकार | १८३५० | |
| | जम्मा | २५३६५० | |

| | | | |
|---|---|---|---|
| ४ | **समपुरक अनुदान** | | |
| | नेपाल सरकार | २५०० | |
| | प्रदेश सरकार | १५००० | |
| | जम्मा | १७५०० | |
| ५ | **विशेष अनुदान** | | |
| | नेपाल सरकार | २१००० | |
| | प्रदेश सरकार | ६००० | |
| | जम्मा | २७००० | |
| ८ | **आन्तरिक आम्दानी** | | |
| | गा.पा. आन्तरिक | ८५०० | |
| | अ.ल्या.(गत वर्षको नगद मौज्दात) | ८००० | |
| | जम्मा | १६५०० | |
| **कुल जम्मा** | | ४६८२८३ | |

## अनुमानित खर्च

रकम रु. हजारमा

| खर्च तर्फ | | | कैफियत |
|---|---|---|---|
| क्र.सं. | खर्च शिर्षक | आगामी आ.व. ०७७/०७८ को प्रस्तावित खर्च अनुमान | |
| १ | **संचालन खर्च गा.पा.** | **५२५००** | |
| २ | **आर्थिक विकास** | **१४२००** | |
| | कृषि/पशु | १२२०० | |
| | पर्यटन | १५०० | |
| | उद्योग, बाणिज्य, आपूर्ति | २०० | |
| | सहकारी /बैंक, वित्तीय संस्था | ३०० | |

| | | | |
|---|---|---|---|
| ३ | **सामाजिक विकास** | **१९४१६** | |
| | स्वास्थ्य | ५७४८ | |
| | शिक्षा तथा खेलकुद | ९६६८ | |
| | खानेपानी तथा सरसफाई | ३००० | |
| | लक्षित समूह | १००० | |
| ४ | **पूर्वाधार विकास** | **४०४००** | |
| | सडक तथा ढल निकास मर्मत सम्भार र अन्य पूर्वाधार निर्माण समेत | १२००० | |
| | सिंचाई | ३००० | |
| | भवन निर्माण | २५४०० | |
| ५ | **वन, वातथावरण तथा विपद् व्यवस्थापन** | **२३०००** | |
| | भूक्षय, नदी नियन्त्रण | १५०० | |
| | अन्य विपद् (आर्थिक सहायता समेत) | १५०० | |
| | कोभिड-१९ नियन्त्रण, उपचार, रोकथाम, राहत वितरण तथा महामारी नियन्त्रण | २०००० | |
| ६ | **संस्थागत विकास, क्षमता अभिबृद्धि र सुशासन** | **१०३३** | |
| ७ | **वित्तीय व्यवस्थापन** | **६२०००** | |
| | नेपाल सरकार (समपुरक) | ५००० | |
| | प्रदेश सरकार (समपुरक) | ३०००० | |
| | नेपाल सरकार (विशेष) | २१००० | |
| | प्रदेश सरकार (विशेष) | ६००० | |
| ८ | **सशर्त कार्यक्रम संघ** | **२३५३००** | |
| ९ | **सशर्त कार्यक्रम प्रदेश** | **१८३५०** | |
| १० | **अन्य भैपरी** | **२०३४** | |
| | **जम्मा** | **४६८२८३** | |

१७. बजेट बाँडफाँडको विस्तृत कार्यक्रमगत विवरण अनुसूचीमा समावेश गरिएकोछ ।यसको साथै आर्थिक विधेयक, २०७७ र विनियोजन विधेयक, २०७७ यसैसाथ संलग्न गरी सभासद्हरु समक्ष पेश गरेकोछु ।

१८. अन्त्यमा राजस्व र व्यय (बजेट) को अनुमान तयार गर्नेक्रममा आफ्ना अमूल्य सल्लाह र सुझाव दिई सहयोग गर्नुहुने गाउँपालिकाका अध्यक्षज्यू लगायत सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, राजनीतिक दलहरु, विभिन्न संघ संस्थाहरुप्रति आभार प्रकट गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु । धन्यवाद ।